# इलाम नगरपालिकाको नवौं नगरसभामा पेश गरिएको आ.व. २०७८\७९ को आर्थिक प्रस्ताव

सभाध्यक्ष महोदय,

इलाम नगरपालिकाको नवौं नगरसभामा आ. ब. २०७८/७९ को आर्थिक प्रस्ताव पेश गर्न पाउँदा आफुलाई गौरवान्वित भएको ठान्दछु । यस अबसरमा सभाध्यक्ष महोदय मार्फत सम्पुर्ण नगर सभासदस्यहरुलाई न्यानो अभिवादन व्यक्त गर्दछु। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माणको आन्दोलनका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धान्जली अर्पण गर्दछु।यसै गरि हाल विश्वमा माहामारीको रुपमा फैलिएको कोभिड -१९ का कारण ज्यान गुमाउनु भएका सम्पूर्णमा हार्दिक श्रद्दाञ्जली अर्पण गर्दै संक्रमित सवैको सिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।

स्थानीय तहहरु संचालन हुने वैधानीक आधार नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन २०७४ मा भएका व्यवस्था, हाम्रा आफ्नै धरातलीय अवस्था मूल्य मान्यताको विश्लेषण समेतका आधारमा यो आर्थिक प्रस्ताव गरिएको छ ।

सभाध्यक्ष महोदय,

स्थानीय तहको सरकार हुनाको नाताले हामीले हाम्रो क्षेत्रका नियमित खर्चहरुलाई समेत हामी आफ्नै प्रयासबाट संकलीत स्रोत साधनले पुर्याउन सक्ने अवस्थामा तत्काल छैनौ, देखिदैन त्यसैले पनि हामीले हाम्रा नियमित खर्च देखि विकास निर्माणमा खर्चहरु समेत संघीय सरकार, प्रदेश सरकार र विकासका साझेदार संस्थाहरुको मुख ताक्नु पर्ने अवस्थामा रहेका छौ । जसलाई न्यूनिकरण गर्नुपर्ने अपरिहार्यता रहेको छ ।

आन्तरिक स्रोत संकलन गर्ने क्रममा प्रचलित कानुनले दिएको अधिकार क्षेत्रहरुबाट संकलन हुने प्रमुख क्षेत्रहरु कर, दस्तुर र सेवाशुल्क संकलनका आधारहरु विगतको भन्दा फराकिलो र वैज्ञानिक तथा प्रगतिशिल बनाउदै लैजानु पर्ने अवस्था देखिन्छ । त्यस्तै गरि नगरक्षेत्रभित्रका कर प्रदायक सबैले सहज रुपमा तिर्ने बुझाउँने अवस्था श्रृजना गर्नु पर्ने हुन्छ ।

सभाध्यक्ष महोदय,

माथि उल्लेखित अवस्था र स्थितिलाई मध्यनजर गर्दै आ.व. २०७८।७९ को लागी तपसिल अनुसारका बिषयगत र क्षेत्रहरुबाट तपसिल अनुसारको रकम प्राप्त हुने अनुमान सहितको आर्थिक प्रस्ताव प्रस्तुत गरिएकोछ ।

| विवरण | अनुमानित आय | प्रतिशत |
|---|---|---|
| **आन्तरिक श्रोत** | ३०,३५,३३,१६०.०० तीस करोड पैंतिस लाख तेत्तिस हजार एक सय साठी । | २५.०१ % |
| *आन्तरिक राजश्व जम्मा* | १२,७५,००,०००.०० बाह्र करोड पचहत्तर लाख । | |
| *मालपोत रजिश्ट्रेशन* | २,००,००,०००.०० दुई करोड । | |
| *विभिन्न योजना तथा कार्यक्रममा उपभोत्ता लागत सहभागिता* | ४,००,३३,१६०.०० चार करोड तेत्तिस हजार एक सय साठी । | |
| *सार्वजनिक निजि साझेदारी* | १,१०,००,०००.०० एक करोड दश लाख । | |
| *गत वर्षको अ.ल्या.* | ५,००,००,०००.०० पाँच करोड । | |
| *नगरविकास कोष ऋण* | २,००,००,०००.०० दुई करोड । | |
| *अन्य संस्था(करुणा फाउण्डेशन र सडक वोर्ड जिसस) बाट साझेदारी आय* | ५०,००,०००.०० पाँच करोड । | |
| *आन्तरिक ऋण* | ३,००,००,०००.०० तीन करोड । | |
| **संघीय सरकार** | ७५,८०,००,०००.०० पचहत्तर करोड असि लाख । | ६२.४६% |
| *समानीकरण अनुदान* | १५,८८,००,०००.०० पन्ध्र करोड अठासी लाख । | |
| *सशर्त अनुदान* | ३९,६९,००,०००.०० उनान्चालिस करोड उनान्सत्तरी लाख । | |
| *समपुरक अनुदान* | २,०८,००,०००.०० दुई करोड आठ लाख । | |
| *विशेष अनुदान* | ४,१५,००,०००.०० चार करोड पन्ध्र लाख । | |
| *स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम* | - | |
| *सामाजिक सुरक्षा* | १४,००,००,०००.०० चौध करोड । | |
| **प्रदेश सरकार** | ३,९९,९७,०००.०० तीन करोड उनान्सय लाख सन्तानब्बे हजार । | ३.३०% |
| *समानीकरण अनुदान* | ९२,९३,०००.०० बयानब्बे लाख त्रियानब्बे हजार । | |
| *सशर्त अनुदान(निर्वाचन क्षेत्र कार्यक्रम समेत)* | २,०७,०४,०००.०० दुई करोड सात लाख चार हजार । | |
| *समपुरक अनुदान* | १,००,००,०००.०० एक करोड । | |
| *विशेष अनुदान* | - | |
| **राजश्व बाँडफाँड** | ११,१९,६९,८४०.०० एघार करोड उन्नाईस लाख उनान्सत्तरी हजार आठ सय चालिस । | ९.२३% |
| *संघीय सरकार* | ९,९९,९३,०००.०० नौ करोड उनान्सय लाख त्रियानब्बे हजार । | |
| *प्रदेश सरकार* | १,१९,७६,८४०.०० एक करोड उन्नाईस लाख छयत्तर हजार आठ सय चालिस । | |
| **कूल आय** | १,२१,३५,००,०००.०० एक अर्ब एक्काईस करोड पैंतिस लाख । | १००.००% |

उपरोक्त प्रस्तावित कूल आयबाट यसै समानित नगरसभा बाट पारित नीति तथा कार्यक्रम लाई बढि भन्दा बढि सम्बोधन गर्न सकिने विश्वासका साथ यस सम्मानित नगरसभामा छलफलका लागी प्रस्ताव गर्दछु ।

<u>**प्रस्तुत कर्ताः**</u>

नारद प्रसाद लम्साल

मितिः २०७८/३/९ संयोजकः आर्थिक समिती

# इलाम नगरपालिकाको नवौं नगरसभामा पेश गरिएको आ.ब.२०७८\७९ को विनियोजन प्रस्ताव

सभाध्यक्ष महोदय,

इलाम नगरपालिकाको नवौं नगरसभामा आ.ब. २०७८/७९ का लागि पेश गरीएको आर्थिक प्रस्तावमा आधारित भई यो विनियोजन प्रस्ताव पेश गर्न प्राप्त अवसरका लागि धन्यवाद ज्ञापन गर्दछु । सभाध्यक्ष महोदय मार्फत सम्पुर्ण नगरसभा सदस्यहरुमा अभिवादन व्यक्त गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माणको आन्दोलनका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धान्जली अर्पण गर्दछु । यसै गरि हाल विश्वमा माहामारीको रुपमा फैलिएको कोभिड -१९ का कारण ज्यान गुमाउनु भएका सम्पूर्णमा हार्दिक श्रद्दाञ्जली अर्पण गर्दै संक्रमित सवैको सिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु।

स्थानीय तहहरु संचालन हुने वैधानिक आधार नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन २०७४ मा भएका व्यवस्था हाम्रा आफ्नै धरातलिय अवस्था, मूल्य मान्यताको विश्लेषण समेतका आधारमा तयार गरिएको आर्थिक प्रस्तावमा प्रस्तावित गरिएको रकम स्थानीय संचित कोषबाट खर्च गर्न यो विनियोजन प्रस्ताव गरीएको छ ।

सभाध्यक्ष महोदय,

स्थानीय तहको सरकार हुनाको नाताले हामीलाई प्राप्त हुने र हुनसक्ने श्रोतहरू लाई हाम्रो नियमित खर्चहरुका साथै जनचाहाना, अपरिहार्य आवश्यकता र विकासका साझेदारहरूसँग सहकार्य गर्नु पर्ने बिषयलाई समेत ध्यानमा राखी आ.व. २०७८।७९ को लागी स्थानीय संचीत कोष बाट खर्च गर्ने स्विकृतीका लागि तयार गरिएको यस विनियोजन प्रस्तावमा तपसिल अनुसारका बिषयगत र क्षेत्रहरुमा तपसिल अनुसारको रकम विनियोजन हुने अनुमानको विनियोजन प्रस्ताव छलफलका लागी यस सम्मानीत नगरसभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| विवरण | अनुमानित व्यय | प्रतिशत |
|---|---|---|
| **राजश्व, ऋण तथा निसर्त अनुदान** | **५८,३५,९६,०००.००**<br>अन्ठाउन्न करोड पैंतिस लाख छयानब्बे हजार । | **४८.०९%** |
| *कार्यालय सञ्चालन तथा प्रशासनिक* | १२,५०,००,०००.००<br>बाह्र करोड पचास लाख । | १०.३०% |
| *आर्थिक विकास* | २,७१,५०,०००.००<br>दुई करोड एकहत्तर लाख पचास हजार । | २.२३% |
| *सामाजिक विकास* | ३,९८,००,०००.००<br>तीन करोड अन्ठानब्बे लाख । | ३.२७% |
| *पूर्वाधार विकास* | ३३,८३,३३,१६०.००<br>तेत्तिस करोड त्रियासी लाख तेत्तिस हजार एक सय साठी । | २७.८८% |
| *सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र* | ५,३३,१२,८४०.००<br>पाँच करोड तेत्तिस लाख बाह्र हजार आठ सय चालिस । | ४.३९% |
| **सशर्त अनुदान** | **४८,९९,०४,०००.००**<br>अड्चालिस करोड उनान्सय लाख चार हजार । | **४०.३७%** |
| *आर्थिक विकास* | ४,६८,००,०००.००<br>चार करोड अड्सठ्ठी लाख । | ३.८५% |
| *सामाजिक विकास* | ३०,४७,००,०००.००<br>तीस करोड सड्चालिस लाख । | २५.१०% |
| *पूर्वाधार विकास* | १२,१२,०४,०००.००<br>बाह्र करोड बाह्र लाख चार हजार । | ९.९८% |
| *सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र* | १,७२,००,०००.००<br>एक करोड बहत्तर लाख । | १.४१% |
| | | |
| **सामाजिक सुरक्षा** | **१४,००,००,०००.००**<br>चौध करोड । | **११.५३%** |
| | | |
| **कूल व्यय** | **१,२१,३५,००,०००.००**<br>एक अर्ब एक्काईस करोड पैंतिस लाख । | १००.००% |

उपरोक्त प्रस्तावित कूल व्यय यसै सम्मानित नगर सभाबाट परित नीति तथा कार्यक्रम लाई बढी भन्दा बढी सम्बोधन गर्न सकिने विश्वास का साथ यस नगर सभामा छलफलका लागि प्रस्ताव गर्दछु ।

**प्रस्तुत कर्ताः**

नारद प्रसाद लम्साल

मितिः- २०७८\३\९

संयोजकः- आर्थिक समिति